संघीय संसद
राष्ट्रिय सभा
चौधौं अधिवेशन
बैठक-४३
सूचनापत्र-२
(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : ११:३१ बजे*
*बैठक स्थगित : ०१:३२ बजे*

२०८० असोज २६ गते, शुक्रवार

संघीय संसद, राष्ट्रिय सभाको चौधौं अधिवेशनको त्रिचालिसौं बैठक सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा बिहान ११:३१ बजे प्रारम्भ भयो।

सर्वप्रथम, सम्माननीय अध्यक्षले राष्ट्रिय सरोकार तथा समन्वय समितिका **माननीय सभापति दिल कुमारी रावल थापा (पार्वती)**लाई **"राष्ट्रिय सरोकार तथा समन्वय समितिको आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदन"** सभासमक्ष पेस गर्न समय उपलब्ध गराउनुहुँदा माननीय सभापतिले उक्त प्रतिवेदन सभासमक्ष पेस गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **माननीय सदस्य रमेश जंग रायमाझीलाई "राष्ट्रिय सभा नियमावली, २०७५ संशोधन मस्यौदा समिति गठन गरियोस्"** भनी राष्ट्रिय सभा नियमावली, २०७५ को नियम २३६ बमोजिम समितिमा रहनु हुने माननीय सदस्यहरुको नामावली सहितको प्रस्ताव प्रस्तुत गर्न अनुमति दिनुहुँदा माननीय सदस्यले उक्त प्रस्ताव सभासमक्ष प्रस्तुत गर्नुभयो। उक्त प्रस्तावको माननीय सदस्य गोपी बहादुर सार्की आछामी र माननीय सदस्य देवेन्द्र दाहालले समर्थन गर्नुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **"राष्ट्रिय सभा नियमावली, २०७५ संशोधन मस्यौदा समिति गठन गरियोस्"** भन्ने माननीय सदस्यहरूको नामावली सहितको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले पारित भयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले **माननीय प्रकाश पन्थ प्रस्तावक र माननीय शारदा देवी भट्ट, माननीय सिंग बहादुर विश्वकर्मा, माननीय तुल प्रसाद विश्वकर्मा, माननीय भगवती न्यौपाने, माननीय खिमलाल देवकोटा, माननीय अनिता देवकोटा, माननीय गंगा कुमारी बेलबासे, माननीय रमेश जंग रायमाझी, माननीय बामदेव गौतम, माननीय विमला घिमिरे, माननीय दिल कुमारी रावल थापा (पार्वती), माननीय विना पोखरेल, माननीय देवेन्द्र दाहाल, माननीय मदन कुमारी शाह (गरिमा), माननीय उदय वहादुर बोहरा, माननीय महेश कुमार महरा, माननीय सुमित्रा बी.सी., माननीय तुलसा कुमारी दाहाल, माननीय डा. विमला राई पौड्याल, माननीय सोनाम गेल्जेन शेर्पा र माननीय रामचन्द्र राई** समर्थक भई **"अपाङ्गता भएका व्यक्तिको अधिकार कार्यान्वयन सम्बन्धी विषयमा"** संकल्प प्रस्ताव दर्ता गर्नुभएको व्यहोरा जानकारी गराउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले अपाङ्गता भएका व्यक्तिको अधिकार कार्यान्वयन सम्बन्धी संकल्प प्रस्तावमाथि राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ८५ बमोजिम कुनै पनि माननीय सदस्यहरुबाट संशोधनको सूचना प्राप्त नभएको व्यहोरा जानकारी गराउनुभयो र माननीय प्रकाश पन्थलाई उक्त संकल्प प्रस्ताव सभा समक्ष पेस गर्न समय उपलब्ध गराउनुहुँदा माननीय सदस्यले उक्त प्रस्तावलाई पेस गर्नुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले उक्त सङ्कल्प प्रस्तावको समर्थक देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो:

१. मा. शारदा देवी भट्ट
२. मा. सिंग बहादुर विश्वकर्मा
३. मा. तुल प्रसाद विश्वकर्मा
४. मा. भगवती न्यौपाने
५. मा. खिमलाल देवकोटा
६. मा. अनिता देवकोटा (अनुपस्थित)
७. मा. गंगा कुमारी बेलबासे
८. मा. रमेश जंग रायमाझी
९. मा. बामदेव गौतम
१०. मा. विमला घिमिरे
११. मा. दिल कुमारी रावल थापा (पार्वती)
१२. मा. विना पोखरेल
१३. मा. देवेन्द्र दाहाल
१४. मा. मदन कुमारी शाह (गरिमा) (अनुपस्थित)
१५. मा. उदय बहादुर बोहरा (अनुपस्थित)
१६. मा. महेश कुमार महरा
१७. मा. सुमित्रा बी.सी.
१८. मा. तुलसा कुमारी दाहाल
१९. मा. डा. विमला राई पौड्याल
२०. मा. सोनाम गेल्जेन शेर्पा (अनुपस्थित)
२१. मा. रामचन्द्र राई (अनुपस्थित)

तदुपरान्त, सम्माननीय अध्यक्षले अपाङ्गता भएका व्यक्तिको अधिकार कार्यान्वयन सम्बन्धी सङ्कल्प प्रस्तावमाथि समर्थक माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको र उक्त प्रस्तावमाथिको छलफल प्रारम्भ भएको जानकारी गराउनुहुँदै छलफलमा भाग लिन चाहनुहुने देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयोः

१. मा. सुरेश कुमार आलेमगर
२. मा. भुवन बहादुर सुनार
३. मा. जितेन्द्र नारायण देव
४. मा. माया प्रसाद शर्मा
५. मा. कुमार दसौदी
६. मा. राजेन्द्र लक्ष्मी गैरे
७. मा. गोपाल भट्टराई
८. मा. राधेश्याम पासवान
९. मा. भैरव सुन्दर श्रेष्ठ

त्यसपछि, सम्माननीय अध्यक्षले उक्त सङ्कल्प प्रस्तावमाथिको छलफलमा समर्थक बाहेक अन्य माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुहुँदै सम्माननीय प्रधानमन्त्रीलाई सभामा उठेका विषयहरूको जवाफ दिन समय उपलब्ध गराउनुभयो र सम्माननीय प्रधानमन्त्रीले जवाफ दिनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **अपाङ्गता भएका व्यक्तिको अधिकार कार्यान्वयन सम्बन्धी** संकल्प प्रस्तावमाथिको छलफल समाप्त भएको जानकारी गराई उक्त सङ्कल्प प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले स्वीकृत भयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले देहायबमोजिमको निर्देशन गर्नुभयोः

**"सभाबाट स्वीकृत अपाङ्गता भएका व्यक्तिको अधिकार कार्यान्वयन सम्बन्धी सङ्कल्प प्रस्तावमा उल्लेखित विषयहरूको कार्यान्वयनका लागि अन्तर मन्त्रालय, निकाय, तह र सरोकारवालाहरूसँग छलफल तथा परामर्श गरी एकीकृत कार्ययोजना बनाउन हरेक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र कार्यप्रगति प्रतिवेदन सभा समक्ष पेस गर्न राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ८७ बमोजिम नेपाल सरकारलाई यो सभा निर्देशन गर्दछ । साथै सभा अन्तर्गतका विषयगत समितिहरूले आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित उक्त सङ्कल्प प्रस्तावमा उल्लिखित विषयहरूको कार्यान्वयनका सम्बन्धमा निरन्तर अनुगमन गर्न समेत निर्देशन गर्दछु।"**

त्यसपछि, सम्माननीय अध्यक्षले **"शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक २०८०"** माथि राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ९९ बमोजिम कुनै पनि माननीय सदस्यबाट विरोधको सूचना

प्राप्त नभएको जानकारी गराउनुहुँदै उक्त विधेयक सभासमक्ष पेस गर्न माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री अशोक कुमार राईलाई समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त प्रस्ताव सभासमक्ष पेस गर्नुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरूङको तर्फबाट माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री अशोक कुमार राई** लाई **"विधायन सम्बन्धी विधेयक, २०८० लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त प्रस्ताव सभासमक्ष प्रस्तुत गर्नुभयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले **"विधायन सम्बन्धी विधेयक, २०८० लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्"** भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले स्वीकृत भयो।

तदनन्तर, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक **१६ मिनेटपछि** बस्ने गरी बैठक स्थगित भएको घोषणा गर्नुभयो।

(डा. भरतराज गौतम)
संघीय संसदको महासचिव